सिगास गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०५ संख्याः ०८ मितिः२०७९।०९।२६


भाग -२

सिगास गाउँपालिका

## आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७९

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद,अत्यन्तै न्युन आर्थिक स्थित भएका दीर्घरोगी जस्तै मुटु,क्यान्सर,पक्षघात तथा मस्तिष्कक घात लगायत मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता कोष स्थापना र संचालन गर्न वाञ्छनीय भएकोले,सिगास गाउँपालिकाको सालवसाली विनियोजित ऐन बमोजिम आर्थिक सहयता कोषलाई व्यवस्थित,प्रभावकारी र मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहयता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ लाई बाह्रौ गाउँसभाको मिती २०७९ /०९/२६ मा बसेको स्वीकृत गरी लागु गरिएको छ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिसम नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "आर्थिक सहयता कोष सञ्चालन तथा व्यस्थापन कार्यविधि २०७९" रहेको छ।

(२) यो कार्यविधि तत्काल लागु गरिनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले सिगास गाउँपालिकाको आर्थिक सहयता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ लाई सम्झनु पर्दछ।

ख. "कोष" भन्नाले सिगास गाउँपालिकाको आर्थिक सहायता कोषलाई सम्झनु पर्दछ।

ग. "कार्यपालिका" भन्नाले सिगास गाँउ कार्यपालिकालाई सम्झनु पर्दछ।

घ. "न्युन आर्थिक अवस्था" भन्नाले वार्षिक रु. २००००।— (बीस हजार मात्र) आम्दानी भएको परिवार सम्झनु पर्दछ।

ङ. "जटिल तथा दिर्घ रोग" भन्नाले मुटुरोग मृगौंला सम्बन्धि रोग क्यान्सर पक्षघात तथा मस्तिष्तघात लगायतका रोग र नेपाल सरकारले तोकेको जटिल तथा दिर्घ रोगहरु सम्झनु पर्दछ।

च. "आर्थिक सहयता" भन्नाले भुकम्प बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौलाक्यान्सर ,मस्तिष्कघात तथा जस्ता दीर्घरो गबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ।

# परिच्छेद २

## कोषको अवधारणा लक्ष्य उद्देश्य र नीति

**३. अवधारणा :** सिगास गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सर्जित विपद्बाट व्यक्ति परिवार तथा संघ / संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायतका अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुर्या उन यस प्रकारको कोषको स्थापना भएको छ।

**४.लक्ष्यः** प्राकृतिक तथा मानव सर्जित विपद्को प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ /संस्थाहरुलाई तत्काल राहत सहयोग उपलब्ध गराउन विपन्न दीर्घरोगीहरू अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुर्यारउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनु नै कोषको लक्ष्य रहेको छ।

**५. उदेश्य**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने

(२) आकस्मित वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थतिमा तत्काल गरिने आकस्मित कार्य गर्ने

(३) न्यून आर्थिक अवस्था भएका गरिब परिवारलाई मानवीय सहायता उपलब्ध गराउने।

**६. नीति**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने

(३) स्थानीय तहमा रहेको अत्यन्त विपन्न दीर्घरोगीहरु दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने

### परिच्छेद ३

**७.कोष स्थापना :**

(१) आर्थिक सहायता कोष नाम गरेको एक कोषको स्थापना हुनेछ।

(२) यस कोषको नाम सिगास गाउँपालिका आर्थिक सहायता कोष रहनेछ।

**८. कोषमा जम्मा हुने रकमः**

(१) गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजित हुने रकम

(२) दातृ निकाय गैर सरकारी संस्थासंघीय सरकार प्रदेश सरकार,अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

### परिच्छेद ४

### कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

**९. कोषबाट खर्च हुने क्षेत्रः**

(१) कोषबाट प्राकृतिक विपद्बाट भएका धनजनको क्षती र दीर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी बाढी तथा पहिरोको कारण धनजनको क्षती भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ।

| क्र. सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतीको विवरण) | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउनेराहत सामाग्री | सहयोग गर्ने रकम |
| १ | गोठ मात्र जलेर/बगेर/ पुरिएर सम्पुर्ण सामाग्री समेत नष्टक | पाल थाल १,खाना पकाउने तथा खाने भाँडा १ सेट,१ हप्ता को लागि आवश्यक पर्ने खाद्यान्न | रु.५००० देखि रु.१०००० सम्म |
| २ | प्राकृतिक प्रकोप तथा दुर्घटनामा परी घाइते भएका व्यक्तिको लागि अस्पताल गई उपचार गर्न सहयोग | | रु.५००० देखि रु.२०००० सम्म |
| ३ | घर र गोठ दुवै जलेर/बगेर/ पुरिएर सम्पुर्ण सामाग्री समेत नष्टद | | रु.५००० देखि रु.२०००० सम्म |
| ४ | गोठ मात्र जलेर र पशुको समेत मृत्यु भएमा समेत नष्ट् | | रु.५००० देखि रु.२०००० सम्म |
| ५ | घर जलेर/बगेर/ पुरिएर सम्पुर्ण सामाग्री समेत नष्टर | | रु.५००० देखि रु.४०००० सम्म |
| ६ | प्राकृतिक प्रकोप तथा दुर्घटनामा परि घर,गोठमा आन्सिक क्षेती भएमा | | रु.१०००० देखि रु.३०००० सम्म |
| ७ | विद्युतीय करेन्ट, आगलागी, पशु/चौपाया एवम् मानवीय क्षेती भएमा | | रु.५००० देखि रु.१५०००० सम्म |
| ८ | घर र गोठ दुवै जलेर सम्पूर्ण साम्रागी समेत नष्टण भएमा र मानिसको समेत मृत्यु भएमा | | रु.१०००० देखि रु.२००००० सम्म |
| ९ | विद्युत लाईन सटमै आगलागी बाट घर र गोठ दुवै जलेर नष्ट० भएमा | | रु.२०००० देखि रु.१००००० सम्म |
| १० | घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट् भएमा र पशुको समेत मृत्यु भएमा | | रु.५०००० देखि रु.१००००० सम्म |
| ११ | आर्थिक अवस्था कमजोर भएका विपन्न वर्गका छात्रछात्राको शैक्षिक गुणस्तर सुधार गर्न आर्थिक सहायता<br>(क) प्रविणता प्रमाणपत्र तह अध्यनलाई<br>(ख) उच्च शिक्षा अध्यनरतलाई | | रु.१००० देखि रु.१००००० सम्म<br>रु.२०००० देखि रु.१५०००० सम्म |

(३) उपदफा (२) अन्तर्गत उपलब्ध गराइने आर्थिक सहायताको रकम निर्धारण कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ।

(४) विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर , मुटु रोग , मृगौला रोग , पक्षघात तथा मस्तिष्कघात जस्ता रोग लागि उपचार प्राप्तम गर्न समस्यामा परेका गरिब/विपन्न सदस्यको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु.१०००० देखि रु.५०००० सम्म उपचार खर्च उपलब्ध गराउन सक्नेछ।आकस्मिक भिरबाट खसी अंगभंग भएमा निजको आर्थिक अवस्था हेरी रु.१००० देखि रु.५००० सम्म र रु.१०००० देखि रु.१००००० सम्म समेत उपचार खर्च बाफत आर्थिक सहयोग गराईनेछ।

(५) गाउँपालिकाले आर्थिक सहायता कोष अथवा अन्य स्वीकृत कार्यक्रमबाट विपद् पिडित घरबार विहिन परिवारलाई घडेरी प्रयोजनको लागि मात्र प्रति परिवार बढीमा पाँच आना जग्गा खरिद गरी उपलब्ध गराउन सक्नेछ।

**१०. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः**

(१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्ता गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

(२) प्राकृतिक विपदद्वारा धनजनको क्षती सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिसमा

(ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ)आवश्यक भएमा क्षतिको प्राविधिक मूल्याङ्कन

(च) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र

(छ) अन्य आवश्यक प्रमाणहरु

(३) गाउँपालिकाले औषधी उपचारका लागि सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नेछः

(क) सम्बन्धित व्यक्ति वा नीजका अभिभावक वा नीजको संरक्षकको निवेदन

(ख) निवेदन साथ सम्बन्धित अस्पताल नर्सिङहोम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी यस्ता कागजात निवेदन दिने मिति भन्दा छ महिना पुरानो भएमा मान्य हुने छैन।

(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण

(घ) कडा रोग लागि अप्रेशन गर्नुपर्ने कुनै अंग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो का लागि मेडिकल वोर्डको सिफारिस सम्बन्धी कागजपत्र

(ङ) विपन्नाताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र।

**११.आर्थिक सहयोगको निर्णय**

(१) दफा १० बमोजिमको प्रकृया पुरा गरी सहयोग माग भएमा रु.५०००। — सम्मको हकमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई सोझै आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथीको आर्थिक सहायता रकम उपलब्ध गराउन परेमा कार्यपालिकाको बैठकले निर्णय गर्नु पर्नेछ।

(३) दफा ९ को उपदफा (२) बमोजिमको सामाग्री तत्काल उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतले सोझै आदेश गर्न सक्नेछ।

(४)औषधी उपचार सहयोग उपलब्ध गराउँदा गाउँपालिका अध्यक्षले तोक आदेश गरी आर्थिक प्रशासन शाखा समेतबाट बजेट सम्बन्धि राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भई सहयोग रकम प्रदान गर्न सकिन्छ।

**परिच्छेद ५**

**कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था**

**१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था**

(१) कोषको आर्थिक तथा प्रशासनिक स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ। चालु आ.व. राहत उद्धार तथा पुनस्थार्पना खर्च शीर्षकबाट हुनेछ ।

**परिच्छेद ६**

**विविध**

**१३. आर्थिक सहायता कोषको रकममा वृद्धि गर्न सक्नेः**

(१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गराउन सक्नेछ।

**१४. जाँच पास तथा फरफारकः**

(१) कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ।

**१५. कार्यविधिको संशोधन :**

(१) यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ।

**१६. बचाउ र खारेजी**

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ।

(२) कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ।

आज्ञाले

कवीन्द्र प्रसाद ओझा

प्रमुख प्रशासकीय अधिकृत